साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को

२४ औं वार्षिक साधारणसभाको कामकारबाही तथा निर्णय पुस्तिका (माइन्यूट)

२०८२ पौष २५

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बबरमहल काठमाडौं ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
२४ औं वार्षिक साधारणसभाको कामकारबाही तथा निर्णय पुस्तिका (माइन्यूट)

१. वैधानिक सभा

साना किसान विकास लघुवित्त वित्तीय संस्थाको मिति २०८२ मंसिर २६ गते बसेको सञ्चालक समितिको ७६ औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको २४ औं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली बमोजिम, निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय भयो ।

२. सभाको मिति, स्थान र समय

मिति : २०८२ पौष २५ गते (January 9, 2026) शुक्रबार
समय : बिहान ११:१५ बजे
स्थान : कार्की ब्यान्क्वेट, बबरमहल काठमाडौं ।

३. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै साधारण सभा सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकामा दुईपटक (मिति २०८२/८/२८ मा नेपाल समाचारपत्र र मिति २०८२/९/६ मा आर्थिक अभियान) प्रकाशन गरिएको थियो । शेयरधनीहरुलाई निजहरुले यस वित्तीय संस्थालाई उपलब्ध गराएको इमेल ठेगानामा समेत सभाको सूचना र संक्षिप्त आर्थिक विवरण पठाईएको थियो । संस्थापक शेयरधनीहरुलाई यस वित्तीय संस्थाको केन्द्रीय र शाखा कार्यालयहरु मार्फत सभा हुने मिति, स्थान, समय र छलफल गर्ने विषयहरु खोली संक्षिप्त वार्षिक आर्थिक विवरण समेत संलग्न राखी सूचना पठाइएको थियो । कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको वार्षिक वित्तीय विवरण, दफा १०९ बमोजिम सञ्चालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले अध्ययन गर्न र प्राप्त गर्न सक्ने गरी यस वित्तीय संस्थाको काठमाडौं स्थित केन्द्रीय कार्यालय र शेयर रजिष्ट्रार सनराइज क्यापिटल लि. र वित्तीय संस्थाको वेबसाइटमा समेत राखिएको थियो ।

४. छलफलका विषयहरु :

(क) **सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ असार मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार २०८२ असार मसान्तमा कायम रहेको चुक्ता पुँजी रु.४,३१,२६,२१,५१३।७८ को ०.७५% ले हुने रकम रु. ३,२३,४४,६६१।३५ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. * २०५८ * केन्द्रीय कार्यालय काठमाडौं

(ख) **विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु.४,३१,२६,२१,५१३।७८ को १४.२५% ले हुने रकम रु. ६१,४५,४८,५६५।७१ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. यस संस्थाको अधिकृत पुँजी रु. ५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्ब मात्र) लाई बृद्धि गरी रु. ८,००,००,००,०००।- (अक्षरेपी आठ अर्ब मात्र) कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५(क) मा रहेको सम्बन्धित दफामा आवश्यक संशोधन गर्ने ।

३. यस संस्थाको जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५(ख) र (ग) मा रहेको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने ।

४. आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५ मा उल्लिखित खर्च रु. १,२०,२६,३८१।५७ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

५. प्रबन्धपत्र संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने।

(ग) **विविध ।**

५. उपस्थिति

५.१ सञ्चालकहरु

१. श्री खेम बहादुर पाठक	अध्यक्ष
२. श्री यज्ञ प्रकाश न्यौपाने	सञ्चालक
३. श्री दीपेन्द्र राज काफ्ले	सञ्चालक
४. श्री सुखदेव न्यौपाने	सञ्चालक
५. श्री उमेश लम्साल	सञ्चालक
६. श्री भिम प्रसाद पन्त	सञ्चालक
७. श्री आस्था भट्ट	सञ्चालक

५.२ व्यवस्थापनतहका पदाधिकारी र कम्पनी सचिव

१. श्री वासु अधिकारी	प्रमुख कार्यकारी अधिकृत
२. श्री पृथ बहादुर थापा	नायब प्रमुख कार्यकारी अधिकृत
३. श्री झलेन्द्र भट्टराई	नायब प्रमुख कार्यकारी अधिकृत
४. श्री रुप बहादुर खड्का	मुख्य प्रबन्धक
५. सि.ए. ईशा के.सी.	मुख्य प्रबन्धक
६. श्री शिवहरी अर्याल	मुख्य प्रबन्धक
७. श्री लिलाधर धिताल	मुख्य प्रबन्धक
८. सि.ए. मन्दिपा दाहाल	मुख्य प्रबन्धक
९. श्री अनिल कृष्ण जोशी	कम्पनी सचिव/वरिष्ठ प्रबन्धक

५.३ अन्य उपस्थिति/पर्यवेक्षक

१. श्री सुशिला पाण्डे, वरिष्ठ अधिकृत	सिडिएस एण्ड क्लियरिङ्ग लि., काठमाडौं
२. सिए श्री किरण डंगोल, लेखापरीक्षक	बाह्य लेखापरीक्षक-साझेदार जे.बी. राजभण्डारी एण्ड डिवीन्स, चार्टर्ड एकाउण्टेण्ट्स
३. वरिष्ठ अधिवक्ता श्री पोषणराज लामिछाने	कानूनी सल्लाहकार
४. श्री बिजय लाल श्रेष्ठ	प्रमुख कार्यकारी अधिकृत, शेयर रजिष्ट्रार, लक्ष्मी सनराइज क्यापिटल लि.

५.४ शेयरधनीको उपस्थिति तथा गणपूरक सङ्ख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

विवरण	कुल शेयर धनी सङ्ख्या	कुल शेयर सङ्ख्या	उपस्थित शेयर धनी सङ्ख्या	कुल शेयर मध्ये प्रतिनिधित्व भएको शेयर सङ्ख्या	कुल शेयरको प्रतिनिधित्व प्रतिशत
संस्थापक शेयरधनीहरु	६४८	३,०१,५९,४०६	४२१	२,७८,१२,७४९	६४.४९
सर्वसाधारण शेयरधनीहरु	४३,९४५	१,२९,६६,८०९	४१५	२,६९,११८	०.६२
जम्मा	४४,५९३	४,३१,२६,२१५	८३६	२,८०,८१,८६७	६५.११

६. सभाको वैधानिकता र अध्यक्षता

६.१ कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम बोलाइएको यस सभामा कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक सङ्ख्या बाँडफाँट भएको कुलशेयर सङ्ख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरधनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं प्रतिनिधिमार्फत उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको यस २४ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी दर्ता पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको सङ्ख्या ८३६ भएको र कुल शेयरको ६५.११ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक सङ्ख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ कम्पनी सचिवले शेयरधनी महानुभावहरु सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणको लागि सम्पूर्ण शेयरधनीज्यूहरु, सञ्चालक समितिका अध्यक्षज्यू लगायत अन्य सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत, लेखापरीक्षक, कानूनी सल्लाहकार र उपस्थित सबैलाई आसन ग्रहण गर्न अनुरोध गरी सभाको कार्य अगाडि बढाउनु भयो ।

६.३ कम्पनी सचिवले उपस्थित सबैलाई राष्ट्रिय गानमा सरिक हुनको लागि अनुरोध गर्नुभयो र उपस्थित सबैजना राष्ट्रिय गानमा सहभागी हुनु भयो ।

६.४ कम्पनी ऐन, २०६३ को दफा ७४(१) र यस वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकलाई सभाको अध्यक्षताको आसन ग्रहण गर्नको लागि अनुरोध गर्नु भएपछि अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । तत् पश्चात पानसमा बत्ती बालेर साधारण सभालाई औपचारिक रुपमा अध्यक्षबाट शुभारम्भ गर्नु भएको थियो ।

६.५ साधारण सभामा स्वागत मन्तव्यको लागि वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री वासु अधिकारीलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो । प्रमुख कार्यकारी अधिकृतले यस

★ २०५८ ★
केन्द्रीय कार्यालय
काठमाडौं

वित्तीय संस्थाका गतिविधि, हालसम्मका मुख्य उपलब्धिहरु र भविष्यका कार्यक्रमहरु बारे संक्षिप्तमा जानकारी दिँदै साधारण सभामा उपस्थित सबै शेयरधनीहरुलाई स्वागत गर्नु भएको थियो ।

७. वार्षिक साधारण सभाको प्रस्तुती

७.१ सभाका अध्यक्षज्यूले वित्तीय संस्थाको सञ्चालक समितिका तर्फबाट उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषय सूची अनुसार यस वित्तीय संस्थाको आ.व.२०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

७.२ अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको प्रतिवेदन, आ.व. २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ असार मसान्तको वासलात र आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल एवम् आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि अनुरोध गर्नु भयो ।

८. छलफलमा सहभागी भई विचार, जिज्ञासा तथा सुझावहरु दिनुहुने शेयरधनीहरुको नाम:

१. श्री दिपक रत्न शाक्य, सर्वसाधारण सेयरधनी
२. श्री दिपक पौडेल, केरवानी साना किसान कृषि सहकारी संस्था लि., रुपन्देही
३. श्री भविश्वर भट्टराई, साना किसान कृषि सहकारी संस्था लि. मेघौली, चितवन
४. श्री डिल्ली प्रसाद पाठक, साना किसान कृषि सहकारी संस्था लि., सलाङ्ग, धादिङ्ग
५. श्री खगेन्द्रराज भण्डारी, साना किसान कृषि सहकारी संस्था लि., लेटाङ्ग, मोरङ्ग
६. श्री शत्रुघन श्रेष्ठ, सर्वसाधारण सेयरधनी
७. श्री पूर्ण शर्मा, बुढान साना किसान कृषि सहकारी संस्था लि., बर्दिया
८. श्री दुर्गा वस्ती, पाउद्वार साना किसान सहकारी संस्था लि., नुवाकोट

लिखित रुपमा विचार, जिज्ञासा तथा सुझावहरु दिनुहुने शेयरधनीहरु

१. श्री निरुपमा गुप्ता, सर्वसाधारण सेयरधनी
२. श्री कृष्ण प्रसाद अधिकारी, सर्वसाधारण सेयरधनी
३. श्री उद्धव प्रसाद घिमिरे, सर्वसाधारण सेयरधनी
४. श्री उत्तमदत्त पाण्डे, सर्वसाधारण सेयरधनी
५. श्री लक्ष्मण बहादुर श्रेष्ठ, सर्वसाधारण सेयरधनी
६. डा. रामजी पण्डित

९. छलफलमा शेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु

- यस वर्ष यस वित्तीय संस्थाले प्रदान गरेको १५% को लाभांश सहित समयमा नै साधारण सभा सम्पन्न गरेकोमा खुशी छौं । आगामी बर्षहरुमा लाभांश नघटाउन सुझाव दिँदै लाभांश अझै बृद्धि हुँदै जाओस ।
- हाल सहकारीको बारेमा नकारात्मक माहोल सृजना भएको कारण साना किसान कृषि सहकारी समेत यसको मारमा पर्ने हुँदा समयमै ठोस योजना ल्याउनु पर्यो

- देशको आर्थिक शिथिलताका कारण वित्तीय संस्थाको लगानीमा रहेको ऋण घटिरहेको अवस्थामा खर्चमा मितब्ययीता अपनाउनु पर्‍यो ।
- साधारण सभा पौष भन्दा अगावै सम्पन्न गर्नु पर्‍यो ।
- लेखापरीक्षण प्रतिवेदन आगामी बर्ष नेपाली भाषामा तयार गर्नु पर्‍यो ।
- वित्तीय संस्थाको प्रगतिको सूचकहरुमा नाफाको साथसाथै शिक्षा, स्वास्थ्य, रोजगारीका सूचकहरु पनि समावेश गरी युवा पलायन रोक्न थप कार्यक्रमहरु सञ्चालनमा ध्यान दिनु पर्‍यो ।
- आधुनिक युगमा भएको सूचना प्रविधीको विकासलाई AI को युगमा किसान सदस्यहरुको उपजहरुको विक्रि वितरणको मुल्य श्रृङखलामा प्रवेश गरी नेपाली किसानका अर्गानिक उपजहरुको राष्ट्रिय/अन्तराष्ट्रिय रूपमा बजार प्रबर्द्धन गर्नमा वित्तीय संस्थाले भूमिका खेल्नु पर्‍यो ।
- वित्तीय संस्थाले साझेदार सहकारी संस्थाहरुलाई उपयुक्त हुने किसिमको सफ्टवेयर तयार गरी कम लागतमा साझेदार संस्थाहरुलाई वितरण गरी लेखा अभिलेखमा एकरुपता कायम गर्नु पर्‍यो।
- सहकारी संस्थाहरुमा हुने चोरी, कर्मचारीहरुलाई फिल्डमा जाँदा आउने डर धम्कीका कारण असुरक्षाको महशुस भएको तथा जेन्जी आन्दोलन लगायतका घटनाक्रमबाट संस्थाहरुमा धेरै जोखिमको महशुस भएकाले वित्तीय संस्थाले सुरक्षाका लागि कुनै कोषको स्थापना गरी भविष्यको जोखिम न्यूनीकरणमा भूमिका खेल्नु पर्‍यो ।
- वित्तीय संस्थाले कारोवारको आधारमा ठूला संस्थाहरुको सामिप्यता बढाएता पनि स-साना संस्थाहरुको क्षमता विकास गरी ठूलो बनाउन तथा संस्थागत सुशासन कायम गराउन वित्तीय संस्थाले अनुगमन/निरीक्षण तथा तालिमका कार्यक्रमहरुमा व्यापकता अपनाउदै गुणस्तर कायम राख्न सहयोग गर्नु पर्‍यो ।
- सहकारी तथा लघुवित्त कार्यक्रमको बिरोधी समूहबाट हाल बजारमा रू. २० लाख सम्मको ऋण तिर्न नपर्ने चर्चाले व्यापकता पाउनाले सहकारीहरुको भाखा नाघि वित्तीय संस्थाको किस्ता तिर्न कठिन हुन सक्ने देखिएकाले यस प्रकारका भ्रमहरुबाट सदस्यलाई बचाउने खालको कार्यक्रमहरु पनि वित्तीय संस्थाले गर्नु पर्‍यो ।
- वित्तीय संस्थाले आगामी दिनमा नगद लाभांशमा जोड दिनु पर्‍यो ।
- युवाहरुको विदेश पलायनलाई रोक्दै हाल बजारमा भएको अधिक तरलताको उपयोग गर्न कृषि क्षेत्रमा आवद्ध हुन युवाहरुलाई अनुदान, प्राविधिक सहयोग तथा सहुलियतपूर्ण कर्जाहरु सहज उपलब्ध गराउन लघुउद्यमशीलता तालिमहरुमा बृद्धी गर्नु पर्‍यो ।
- शाखा कार्यालयहरुको कार्यक्षेत्र निर्धारण गर्दा देशको प्रादेशिक विभाजनसँग समेत तालमेल हुने गरी तय गर्दा नियामकीय निकायहरुले जारी गरेका नीति, निर्देशनहरुको पालना गराउन शाखा कार्यलयहरुलाई सहजता हुने हुँदा कार्यक्षेत्र पुर्नसंरचना गर्ने तर्फ ध्यान दिनु पर्‍यो ।

केन्द्रीय कार्यालय
काठमाडौं

- वित्तीय संस्थाको पहलमा गठन भएका PAG/BAG हरुको उद्देश्य अनुरुप जिम्मोवारी दिएर सक्रियताका साथ परिचालन गर्नु पऱ्यो कि विघटन गर्नु पऱ्यो ।
- किसानहरुलाई जागृत बनाउदै शसक्त बनाउने उद्देश्यले स्थापित यस संस्थाले शेयरधनीको मुहारमा मात्र होईन किसानहरुको मुहारमा पनि खुसीयाली बनाउन सकोस् ।
- प्रस्तुत प्रतिवेदन निकै राम्रो रहेको र सोलाई कार्यान्वयन गर्न कृषि विकास बैंकको अनुभवी कर्मचारी वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत नियुक्त हुनु भएकाले उहाँको सफल कार्यकालको कामना संगै प्रतिवेदनमा उल्लेखित विषयहरु ब्यवहारमा उतारेको हेर्न आत्तुर रहेको।
- वित्तीय संस्थाले साझेदार सहकारी संस्थाहरुले लिएको कर्जाको अग्रिम भुक्तानी लिन आनकान गरिरहेको हुँदा श्रोत साधन नपुग हुँदा सहज किसिमबाट ऋण पाउनु र श्रोत साधन प्रसस्त हुदा लिएको ऋण पनि सहज किसिमबाट फिर्ता गर्न पाउनु पऱ्यो ।
- साना किसान सहकारी संस्थाहरुको सेवा गर्नका लागि साना किसान सहकारी संस्थाहरुको अगुवाईमा स्थापना भएको यस संस्था नाफा मुखी नहोस सदैव साना किसान परिवारमा सेवा पुऱ्याउने किसिमका नीति तथा कार्यक्रमहरु बनाउनु पऱ्यो ।
- साना किसानका परिवारलाई ईजरायल पठाउँदा साना किसान सहकारीले राखेको धरौटी रकम वित्तीय संस्थाले साना किसान सहकारीहरुलाई थाहै नदिई आम्दानी जनाउन भएन ।
- सहकारी संस्थाका सञ्चालक समिति जमानत बसी वित्तीय संस्थाबाट ल्याएको ऋण सापटी सदस्यहरुमा लगानी गर्दा समयमा असुल हुन नसक्ने तर वित्तीय संस्थालाई समयमा नै फिर्ता गर्नु पर्ने बाध्यतामा त्यस प्रकारका सहकारी संस्थाहरुलाई वित्तीय संस्थाले पनि किस्तामा सहजता गरिदिनु पऱ्यो ।
- सहकारीका नियामक निकाय तथा वित्तीय संस्थाले समय -समयमा परिवर्तन गरेको नीति नियम तथा निर्देशनहरुको बारेमा सहकारीका सञ्चालकहरुले सजिलै बुझ्न नसक्ने हुदा विभिन्न तालिम गोष्ठीहरु आयोजना गरी सरल भाषामा सरल किसिमबाट बुझाई दिनु पऱ्यो ।
- वित्तीय संस्थाले आयोजना गर्ने तालिम गोष्ठी तथा सेमिनारहरुमा संस्थाका कर्मचारी र पदाधिकारीको संयुक्त सहभागीता गराएमा बुझाईमा एकरूपता कायम हुन सक्ने हुँदा त्यसमा पहल गरिदिन पऱ्यो ।
- एकल महिलालाई अन्य लघुवित्त संस्थाले दिने गरेको ब्याज छुट सहकारी मार्फत पनि दिन सक्ने गरी वित्तीय संस्थाले कोष/अनुदानको व्यवस्था गरिदिनु पऱ्यो ,
- किसानद्वारा उत्पादित कृषि उपजको सङ्कलन, प्रशोधन र बजारीकरणको उचित व्यवस्थापन हुन नसक्दा कर्जा लगानी समेत जोखिममा पर्ने भएकोले कृषि मूल्य श्रृङ्खलाका कार्यक्रममा जान वित्तीय संस्थाले छुट्टै कोषको व्यवस्था गरेर सहयोग गर्नु पऱ्यो ।
- वित्तीय संस्थाले सहकारी संस्थाहरुको प्रबन्धक र कर्मचारीहरुलाई प्राथमिकता दिई तालिम र क्षमता विकास गर्ने गरेकोमा सञ्चालकहरुलाई पनि उचित अवसर दिई क्षमता अभिबृद्धि गर्नु पऱ्यो ।

केन्द्रीय कार्यालय काठमाडौं

१०. पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ

छलफलमा भाग लिने सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद दिँदै त्यहाँ उठेका जिज्ञासाहरुको जवाफ सभा अध्यक्षको अनुमतिमा प्रमुख कार्यकारी अधिकृत श्री वासु अधिकारी र सभा अध्यक्ष श्री खेम बहादुर पाठकले निम्नानुसार प्रतिउत्तर दिनु भएको थियो ।

१०.१ वित्तीय संस्थाको व्यवस्थापनसँग सम्बन्धित जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत श्री वासु अधिकारीबाट सभा समक्ष दिइएको प्रतिउत्तरको सारसंक्षेप यस प्रकार रहेको छ :

उपस्थित शेयरधनी महानुभावहरुले यस वित्तीय संस्था प्रति देखाउनु भएको सद्भाव, शुभेच्छा तथा चिन्तन एवं सुझावहरु अमुल्य रहेको र यी सुझावहरु दिनुहुने महानुभावहरु प्रति आभार व्यक्त गर्दै वित्तीय संस्थाले ती सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छ । संस्थाले आगामी बर्षको साधारण सभा स्वस्ती वाचनबाट शुरु गर्ने इच्छा सहित पुष भन्दा अगावै साधारण सभा सम्पन्न गर्न प्रयास गर्नका साथै प्रतिवेदनमा रहेका कार्यहरु समयमा नै सम्पन्न गर्न वित्तीय संस्था लागि पर्ने बताउनु भयो । हाल युवाशक्ति विदेश पलायनको समस्या राष्ट्रिय चिन्तनको विषय भएको र वित्तीय संस्थाले सहयोगी निकायहरुसँगको सहकार्यमा लघुउद्यमशिलताको विकासका लागि सरल र सुलभ ब्याजदरमा वित्तीय श्रोतका साथै प्राविधिक सहयोग समेत गर्दै आएको छ । किसानका उपजहरुको सहज बिक्री वितरणका लागि विभिन्न डिजिटल प्लेटफर्महरु मार्फत बजारको खोजीमा पनि वित्तीय संस्थाले सहयोग गर्दै जाने बताउँदै पछिल्लो समयमा नेपालको सहकारी तथा लघुवित्त कार्यक्रमको बारेमा सृजना भएको नकारात्मक भ्रम चिर्न, सहुलियतपूर्ण कर्जाहरुको लगानी प्रक्रिया सहज गर्न, आफ्नो सफ्टवेयर निर्माण गरी साझेदार संस्थाहरुमा वितरण गर्ने लगायतका विषयहरुमा थप अध्ययन तथा छलफल गर्न व्यवस्थापन समितिको बैठकमा प्रस्तावको रूपमा प्रवेश गराउँदै साझेदार संस्था तथा किसानहरुको समस्याहरु निराकरण गर्न यस वित्तीय संस्था चिन्तनशील र क्रियाशील रहेको जानकारी गराउँदै र आगामी दिनमा पनि क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्नु भयो । यस संस्था साना किसान, विपन्नवर्ग, त्यसमा पनि महिला सदस्यहरु बिचमा सेवा प्रदान गर्न सफल रहेको कारण नेपाल राष्ट्र बैंक, नेपाल सरकार तथा विभिन्न बाह्य संघ संस्थाको विश्वास जित्न सफल भएको छ ।

किसानका उपजहरुको बलियो र भरपर्दो बजारीकरणका लागि यस वित्तीय संस्थाले कृषि मुल्यश्रृखलामा के कसरी जान सकिन्छ भन्ने बारेमा सम्भावनाका खोजीहरु गर्ने कार्य भईरहेको, शाखाहरुले ऋणको अग्रिम भुक्तानी लिन आनकान गर्ने नीति नरहेको र हाल बजारमा सहकारी तथा लघुवित्त प्रति रहेको नकरात्मक प्रचारको सबै मिलेर चिर्नु पर्ने तथा कर्मचारी तथा संस्थाको सुरक्षाका लागि वित्तीय संस्थाको पनि दायित्व रहेको हुदा मिलेर काम गर्न अनुरोध गर्नु भयो । बजारमा रहेको अधिक तरलताले बैंकिङ्ग क्षेत्रको ब्याजदरमा आएको संकुचनलाई समायोजन गर्दै सहकारी संस्थाहरुले सदस्यलाई दिने ब्याजदरमा समेत संशोधन गर्न आवश्यक रहेको जानकारी दिनु भयो । प्रविधि कोष तथा जोखिम कोष स्थापनाको प्रस्ताव राम्रो भएकोले सो सम्बन्धमा नियामक निकायको निर्देशन तथा नीति नियममा रहेको व्यवस्था अनुकुल मात्र अगाडी बढ्न सकिने विचार राख्नु भयो ।

केन्द्रीय कार्यालय काठमाडौं २०५८

यस वित्तीय संस्थाले साझेदार संस्थालाई थोक कर्जा प्रदान गर्ने मात्र नभई साझेदार संस्थाको संस्थागत विकास तथा साझेदार संस्थामा आबद्ध सदस्यहरुको व्यवसायिक, आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा सहयोग पुग्ने गरी तालिम तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी रहेको छ । तसर्थ साझेदार संस्थाहरुलाई परिवर्तित नीति नियम तथा निर्देशनहरुको वारेमा जानकारी तथा अद्यावधिक राख्नका लागि थप तालिम तथा क्षमता विकासका कार्यक्रमहरुमा जोड दिदैं जानेछ । देशको प्रशासनिका संरचना अनुसार शाखा कार्यालयहरुको कार्यक्षेत्र पुर्नसंरचना गर्नका लागि व्यवस्थापन समुहमा छलफल गरी उपयुक्त किसिको प्रस्ताव सञ्चालक समितिमा पेश गर्ने बारेमा कुरा अगाडि बढी सकेको छ । यस वित्तीय संस्थाको १२ वटा शाखा कार्यालय मार्फत कारोवार गरी रहेकाले तत्काल कुनै नयाँ शाखा खोल्ने योजना नरहेको साथै अन्य संस्थासँग मर्जरको प्रस्ताव तथा योजना पनि नरहेको जानकारी गराउनु भयो ।

यस वित्तीय संस्थाको नाफामूलक तथा सेवामूलक (सामाजिक) दुबै उद्देश्य रहेको हुँदा नाफालाई मात्र प्राथमिकता दिएर आफ्ना कार्यक्रम सञ्चालन नगरी दुबै उद्देश्यहरु पूर्ती गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने गरेकोले यसले साझेदार संस्थाहरुसँग लिने ब्याजदर तथा लगानीकर्ताहरुलाई दिने लाभांशको दरमा हरेक बर्ष सन्तुलनमा रही नाफा र लाभांश दर कायम गरी रहेको र आगामी दिनमा नगद लाभांश पनि दिने विषयमा छलफल गरिने जानकारी गराउनु भयो ।

१०.२ सभामा शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा एवं प्रश्नहरुको सन्दर्भमा सभाध्यक्ष तथा वित्तीय संस्थाका अध्यक्ष श्री खेम बहादुर पाठकले सभा समक्ष दिनु भएको जवाफ :

उपस्थित शेयरधनी महानुभावहरुले यस वित्तीय संस्था प्रति देखाउनु भएको शुभेच्छा तथा चिन्तन एवं सुझावहरु निकै महत्वपूर्ण रहेको छ । यस प्रकारका सुझावहरुको वित्तीय संस्था सदैव स्वागत गर्दै प्राप्त सुझावहरुलाई मार्गदर्शनको रुपमा लिदै आएको र भविष्यमा पनि लिने जानकारी गराउँदछु । शेयरधनी महानुभावहरुले दिनु भएको सुझाव ग्रहण गर्दै देशबाट युवा पलायनलाई कम गर्नका लागि, ग्रामिण क्षेत्रमा कर्जा प्रवाह गर्नका लागि सहुलियत ब्याज दरका कर्जा (३%, ७%) को दायरमा बृद्धी गर्दै सरल र सहज किसिमबाट कर्जा तथा प्राविधिक सहयोग वित्तीय संस्थाले प्रदान गर्दै आई रहेको तथा किसानका उपजहरुको बजार सहजिकरणका लागि संस्थाहरुमा लागत साझेदारीमा कृषि एम्बुलेन्सहरु उपलब्ध हुदै आएका छन । तथापि उचित र भरपर्दो बजारको खोजी गरी कृषि मुल्यश्रृखलामा काम गर्न वित्तीय संस्था अगाडी बढि रहेको छ । २०८२ भाद्र २३ र २४ मा भएको जेन्जी युवाहरुको आन्दोलनबाट यस वित्तीय संस्थाका साझेदार संस्थाहरुको सदस्यहरुमा व्यवसाय प्रतिको उत्साह गिरेको देखिएकाले यस वित्तीय संस्थाको अपेक्षाकृत रूपमा लगानीमा रही रहेको ऋणमा बृद्धि हुन नसकेको देखिन्छ तथापी अन्य ठूलो क्षति भने नभई परिवर्तन र नयाँ विधि तथा प्रक्रियाबाट कार्य गर्न उत्साह थप गरेको हुंदा हिजोको काम गर्ने तथा सोच्ने तौर तरिकामा परिवर्तन गराएको हुंदा चाडै नै थप उर्जा सहित आउने र अर्थतन्त्र सुधारको लय समात्ने विश्वास गरेको बताउनु भयो ।

यस वित्तीय संस्थाले एशियाली विकास बैंकसँगको सहयोगमा स्वरोजगारमात्र होईन रोजगार श्रृजना गराउन सक्ने गरी सरल र सुलभ किसिमबाट रू. ५ लाख देखी १ करोडसम्म कर्जा प्रदान गर्दै आईरहेको छ । साझेदार संस्थाहरुलाई नीति विधि तथा थितीमा सञ्चालन गराउनका लागि वित्तीय संस्थाले अनुगमन तथा निरीक्षण गरी कार्यस्थलमा नै सिकाई प्रदान गर्दै आएको छ । सुझाव अनुरुप साना-ठूला, नजिक-टाढा नभनिकन वित्तीय संस्थाको श्रोत र साधनले भ्याएसम्म अनुगमन निरीक्षण गरिने र यस कार्यलाई थप प्रभावकारी बनाउन शाखा कार्यालयहरुको समन्वयमा दायरमा बृद्धि गर्नुका साथै यस विभागको क्षमतामा अभिवृद्धि गर्दै लगिनेछ ।

हाल बजारमा सहकारी तथा लघुवित्त प्रति रहेको नकारात्मक प्रचारको सबै मिलेर चिर्न संस्थाले सदस्यलाई बुझाउन नसकेको हुदा सदस्यलाई ऋणको श्रोंत र सोको नियमित भुक्तानी नगर्दा हुन सक्ने असरहरु तथा अन्य संस्थागत सुशासनका विषयहरुमा बुझाउन आम प्रशिक्षण कार्यक्रम वित्तीय संस्थाले गरिरहेको हुँदा त्यसमा हामी सबै मिलेर काम गर्न अनुरोध गर्नु भयो । केही दैबी प्रकोप तथा भवितब्यबाट ऋणको किस्ता तिर्न बुझाउन नसक्ने भएमा त्यस प्रकारका घट्नाको सम्बन्धमा सामान्यीकरण नगरी छुट्टै प्रस्ताव उपर छलफल गरी समाधान गर्न सकिने बताउनु भयो । वित्तीय संस्थाबाट नगद लाभांश तथा बोनश शेयर दुबैको अपेक्षा गर्ने शेरधनीहरु रहनु भएको हुदा आगामी बर्षको लाभांश प्रस्ताव गर्दा यस बारेमा थप छलफल गरि प्रस्ताव गरिने, ईलरायल पढ्न जाने विद्यार्थीले संस्था तथा यस वित्तीय संस्थामाथि गरेको विश्वासघातले अन्य विश्वास योग्य विद्यार्थीको बाटो बन्द गरेको हुँदा पुर्व सम्झौता अनुरुप हिसाब मिलान गरेको र यस विषयमा धेरै छलफल भईसकेको हुँदा थप छलफल गर्नु नपर्ने र गर्नु परेमा छलफल गर्न वित्तीय संस्था तयार रहेको जानकारी गराउनु भयो ।

यस वित्तीय संस्था र साझेदार सहकारी संस्था बिचको सम्बन्ध साझेदर संस्थाको रूपमा रही एक अर्काका सहयोगी निकायको रूपमा रहेको र भविष्यमा पनि रहने छ । वित्तीय संस्थाबाट सरल र सुलभ ब्याजदरमा सदस्यहरुमा कर्जा प्रदान गर्ने व्यवस्था मिलाएको हुँदा एकल महिलाले गर्ने व्यवसायमा आवश्यक कर्जा सोही प्रकारको कर्जा अन्तर्गत हुने र अन्य बैंक वित्तीय संस्थाले दिने छुट भन्दा सस्तो दरमा एकल महिलाले कर्जा प्राप्त गर्न सक्नेछ । यस वित्तीय संस्थाले बिना धितो सञ्चालक समितिको जमानतमा कर्जा प्रवाह गर्ने गरेको हुँदा ऋण लिने संस्थाका सञ्चालकहरुले व्यक्तिगत जमानत दिनु पर्ने र सदस्यले कर्जा नतिरेपनि साझेदार संस्थाले वित्तीय संस्थाको कर्जा तिर्नु पर्ने कठोर यथार्थता रहेको हुँदा गुणस्तरीय लगानीमा जोड दिनु आवश्यक रहेको छ । संस्थाको जिम्मेवार पदाधिकारीले नीति नियमको जानकारी हासिल गर्नुपर्ने बाध्यात्मक स्थिति रहन्छ । तसर्थ नीति नियमहरु पढ्ने, छलफल गर्ने बानी तथा अभ्यासको विकास गर्नु हुन साथै केही नबुझेको बिषयमा छलफल तथा तालिम गोष्ठि सञ्चालन गर्नु पर्ने भएमा वित्तीय संस्था सदैब साथमा रहेको जानकारी गराउँदछु ।

यस वित्तीय संस्थाको मुख्य उद्देश्य वित्तीय सेवा प्रदान गर्नु रहेको हुँदा जिज्ञासा राख्नु भएको जस्तो कोषको स्थापना गरी बजारीकरण तथा मूल्यश्रृङ्खलामा काम गर्न, मल बिउँको समस्या समाधानका लागि कार्य गर्न नियामकीय समस्या रहने हुँदा प्रत्यक्ष रुपमा त्यस प्रकारका क्रियाकलापमा सहभागी नभएतापनि समन्वयकारी तथा सहयोगीको भूमिका निर्वाह गर्न वित्तीय संस्था सदैव तयार रहेको जानकारी गराउँदछु ।

अन्त्यमा, नेपालको कृषि क्षेत्रमा, साना किसान परिवारमा तथा महिला विपन्न वर्गमा काम गर्ने एक बलियो संस्थाको पहिचान कायम राख्न सफल यस वित्तीय संस्था राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रको रोजाईमा पर्न सफल भएको छ । यस वित्तीय संस्थाको मूल्य मान्यताहरुलाई कायम राख्दै कार्य सम्पादन गर्न प्रतिवद्ध रहेकोमा आजको यस सभामा उपस्थित शेयरधनी महानुभावहरुले दिनुभएको हौसला तथा सुझाव ग्रहण गर्दै आगामी दिनमा थप राम्रो गर्ने प्रतिवद्धता जाहेर गर्दछु । साथै जिज्ञासा तथा सुझावहरुका लागि सम्पूर्णमा धन्यबाद व्यक्त गर्दछु ।

११. सभाको निर्णय

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लिखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी सर्वसम्मत निर्णय भयो :

(क) **सामान्य प्रस्ताव :**

११.१ सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

११.२ लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव माथि छलफल भई उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

११.३ सञ्चालक समितिले प्रस्ताव गरे अनुसार २०८२ असार मसान्तमा कायम रहेको चुक्ता पुँजी रु.४,३१,२६,२१,५१३।७८ को ०.७५% ले हुने रकम रु. ३,२३,४४,६६१।३५ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) पारित गर्ने ।

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/८२ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु.४,३१,२६,२१,५१३।७८ को ०.७५% ले हुने रकम रु. ३,२३,४४,६६१।३५ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) प्रदान गर्ने सम्बन्धमा छलफल हुँदा उक्त नगद लाभांश प्रदान गर्न सर्वसम्मतिले स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

११.४ लेखापरीक्षण समितिको सिफारिश बमोजिम कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।

कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार आ.व. २०८२/८३ को वित्तीय विवरण सहित लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्तिको लागि लेखापरीक्षण समितिले ३ वटा लेखापरीक्षण फर्महरु PYC & Associates, Chartered Accountants, Putalisadak, Kathmandu, J.B. Rajbhandary & Dibins, Chartered Accountants, Kumaripati, Lalitpur र S. Basnet & Co. Chartered Accountants, Dillibazar, Kathmandu बाट प्रस्तावहरु प्राप्त गरी विस्तृत अध्ययन गरी लेखापरीक्षण शुल्क तथा विभिन्न बैंक तथा वित्तीय संस्थामा बाह्य लेखापरीक्षण गरेको अनुभवलाई मध्यनजर गरी आ.व. २०८२/८३ को लागि PYC & Associates, Chartered Accountants, Putalisadak, Kathmandu लाई लेखापरीक्षकमा नियुक्त गर्न र लेखापरीक्षण शुल्क (संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन र कम्पनी ऐनको दफा ७८ बमोजिमको प्रगति विवरण प्रमाणिकरण गर्न, कर लेखापरीक्षण र परियोजना लेखापरीक्षण गर्न, लङ्गफर्म प्रतिवेदन तयार गर्न) बापत भ्याट बाहेक रु.१०,००,०००।- (दश लाख) पारिश्रमिक दिन सिफारिस भई आएको सम्बन्धमा छलफल हुँदा सर्वसम्मतिबाट स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

साथै लेखापरीक्षण समितिबाट फिल्ड तथा अन्य खर्च सम्बन्धमा लेखापरीक्षकलाई फिल्ड खर्चको लागि निम्नानुसारको खर्च सिफारिस गरेकोले स्वीकृतिको लागि सिफारिस भई आएको सम्बन्धमा समेत सर्वसम्मतिबाट स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

फिल्ड तथा अन्य खर्च

- सिएलाई प्रति दिन रु. ३००० (कर सहित)
- अन्यलाई प्रति दिन रु. २५०० (कर सहित)
- केन्द्रीय कार्यालयमा खाजा खर्च बापत प्रति व्यक्ति प्रति दिन रु. ३०० (कर सहित)
- टिकट (बस र प्लेन) को वास्तविक
- ट्याक्सी भाडा : एअरपोर्ट /बसपार्कबाट कार्यालयसम्म वास्तविक

(ख) विशेष प्रस्ताव :

११.५ सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु.४,३१,२६,२१,५१३।७८ को १४.२५% ले हुने रकम रु. ६१,४५,४८,५६५।७१ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु.४,३१,२६,२१,५१३।७८ को १४.२५% ले हुने रकम रु. ६१,४५,४८,५६५।७१ बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने सम्बन्धी विशेष प्रस्ताव समेत पारित गरियो ।

११.६ यस संस्थाको अधिकृत पुँजी रु. ५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्ब मात्र) लाई बृद्धि गरी रु. ८,००,००,००,०००।- (अक्षरेपी आठ अर्ब मात्र) कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५(क) मा रहेको सम्बन्धित दफामा आवश्यक संशोधन गर्ने ।

यस संस्थाको अधिकृत पुँजी रु. ५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्ब मात्र) लाई बृद्धि गरी रु. ८,००,००,००,०००।- (अक्षरेपी आठ अर्ब मात्र) कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५(क) मा निम्नानुसार संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

प्रबन्धपत्रको दफा ५ को खण्ड (क) को सट्टा देहाय बमोजिमको खण्ड (क) राखिएको छ :

"(क) वित्तीय संस्थाको अधिकृत पुँजी रु.८,००,००,००,०००।- (अक्षरेपी आठ अर्ब मात्र) हुनेछ । उक्त पुँजीलाई रु.१००।- दरले ८,००,००,००० थान साधारण शेयरमा विभाजित गरिएको छ ।

११.७ यस संस्थाको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५(ख) र (ग) मा रहेको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने ।

यस संस्थाको जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५(ख) र (ग) मा निम्नानुसार संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

प्रबन्धपत्रको दफा ५ को खण्ड (ख) र (ग) को सट्टा देहाय बमोजिमको खण्ड (ख) र (ग) राखिएको छ :

(ख) वित्तीय संस्थाको जारी पुँजी रु.४,९२,७१,७०,०७९।४९ (अक्षरेपी चार अर्ब बयानब्बे करोड एकहत्तर लाख सत्तरी हजार उनासी रुपैयाँ र पैसा उनन्चास मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००।- का दरले ४,९२,७१,७००।- (अक्षरेपी चार करोड बयानब्बे लाख एकहत्तर हजार सात सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु.४,९२,७१,७०,०७९।४९ (अक्षरेपी चार अर्ब बयानब्बे करोड एकहत्तर लाख सत्तरी हजार उनासी रुपैयाँ र पैसा उनन्चास मात्र) हुनेछ ।"

केन्द्रीय कार्यालय काठमाडौं ★ २०५८ ★

११.८ आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५ मा उल्लिखित खर्च रु.१,२०,२६,३८१।५७ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

यस वित्तीय संस्थाको आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५ मा उल्लिखित खर्च रु. १,२०,२६,३८१।५७ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने विशेष प्रस्ताव माथि छलफल हुँदा उक्त खर्च सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरियो ।

११.९ प्रबन्धपत्र संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने।

यस वित्तीय संस्थाको प्रबन्धपत्र संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिन सभा समक्ष प्रस्तुत भएको विशेष प्रस्ताव सम्बन्धमा छलफल हुँदा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

(ग) **विविध ।**

विविध प्रस्ताव उपर छलफलको कुनै विषय नरहेको ।

१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

सभामा छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले सक्रिय रुपले सभामा सहभागी भई वित्तीय संस्थाको प्रगतिका लागि दिनु भएको सल्लाह, सुझावलाई मार्गदर्शनको रुपमा लिई यस वित्तीय संस्थाको २४ औं वार्षिक साधारण सभा सञ्चालन एवम् सफलतापूर्वक सम्पन्न गर्नका लागि सहयोग एवम् योगदान गर्नु हुने सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

(अनिल कृष्ण जोशी)
कम्पनी सचिव

(खेम बहादुर पाठक)
अध्यक्ष

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, काठमाडौं ।

प्रबन्धपत्रमा संशोधन

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन गरिएको छः

१. प्रबन्धपत्रको दफा ५ को खण्ड (क) को सट्टा देहाय बमोजिमको खण्ड (क) राखिएको छ :

"(क) वित्तीय संस्थाको अधिकृत पुँजी रु.८,००,००,००,०००।- (अक्षरेपी आठ अर्ब मात्र) हुनेछ । उक्त पुँजीलाई रु.१००।- दरले ८,००,००,००० थान साधारण शेयरमा विभाजित गरिएको छ ।"

२. प्रबन्धपत्रको दफा ५ को खण्ड (ख) र (ग) को सट्टा देहाय बमोजिमको खण्ड (ख) र (ग) राखिएको छ :

"(ख) वित्तीय संस्थाको जारी पुँजी रु.४,९२,७१,७०,०७९।४९ (अक्षरेपी चार अर्ब बयानब्बे करोड एकहत्तर लाख सत्तरी हजार उनासी रुपैयाँ र पैसा उनन्चास मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००।- का दरले ४,९२,७१,७००।- (अक्षरेपी चार करोड बयानब्बे लाख एकहत्तर हजार सात सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु.४,९२,७१,७०,०७९।४९ (अक्षरेपी चार अर्ब बयानब्बे करोड एकहत्तर लाख सत्तरी हजार उनासी रुपैयाँ र पैसा उनन्चास मात्र) हुनेछ ।"

केन्द्रीय कार्यालय काठमाडौं

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, काठमाडौं ।

प्रबन्धपत्रमा संशोधन सम्बन्धी प्रस्ताव (तिन महले)

क्र. सं.	दफा/ उपदफा /खण्ड	हालको व्यवस्था	संशोधित प्रबन्धपत्र	संशोधन गर्नुपर्ने कारण
१	५ (क)	"(क) वित्तीय संस्थाको अधिकृत पुँजी रु.५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्ब मात्र) हुनेछ । उक्त पुँजीलाई रु.१००।- दरले ५,००,००,००० थान साधारण शेयरमा विभाजित गरिएको छ ।	"(क) वित्तीय संस्थाको अधिकृत पुँजी रु.८,००,००,००,०००।- (अक्षरेपी आठ अर्ब मात्र) हुनेछ । उक्त पुँजीलाई रु.१००।- दरले ८,००,००,००० थान साधारण शेयरमा विभाजित गरिएको छ ।	व्यावसायिक विकास तथा रणनीतिका आधारमा अधिकृत पुँजी वृद्धि गर्नुपर्ने भएकोले ।
२	५ (ख)	वित्तीय संस्थाको जारी पुँजी रु.४,३१,२६,२१,५१३।७८ (अक्षरेपी चार अर्ब एकतीस करोड छब्बीस लाख एकाईस हजार पाँच सय तेन्ह रुपैयाँ र पैसा अठहत्तर मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००।- का दरले ४,३१,२६,२१५।- (अक्षरेपी चार करोड एकतीस लाख छब्बीस हजार दुई सय पन्ध्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	वित्तीय संस्थाको जारी पुँजी रु.४,९२,७१,७०,०७९।४९ (अक्षरेपी चार अर्ब बयानब्बे करोड एकहत्तर लाख सत्तरी हजार उनासी रुपैयाँ र पैसा उनन्चास मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००।- का दरले ४,९२,७१,७००।- (अक्षरेपी चार करोड बयानब्बे लाख एकहत्तर हजार सात सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	सञ्चालक समितिले प्रस्ताव गरी साधारण सभाले स्वीकृत गरे बमोजिम १४.२५ प्रतिशतका दरले बोनस सेयर वितरण गर्दा सोही हदसम्म जारी पुँजी वृद्धि गर्नुपर्ने भएकोले ।
३	५ (ग)	वित्तीय संस्थाको चुक्ता पुँजी रु.४,३१,२६,२१,५१३।७८ (अक्षरेपी चार अर्ब एकतीस करोड छब्बीस लाख एकाईस हजार पाँच सय तेन्ह रुपैयाँ र पैसा अठहत्तर मात्र)हुनेछ ।	वित्तीय संस्थाको चुक्ता पुँजी रु.४,९२,७१,७०,०७९।४९ (अक्षरेपी चार अर्ब बयानब्बे करोड एकहत्तर लाख सत्तरी हजार उनासी रुपैयाँ र पैसा उनन्चास मात्र) हुनेछ ।	सञ्चालक समितिले प्रस्ताव गरी साधारण सभाले स्वीकृत गरे बमोजिम १४.२५ प्रतिशतका दरले बोनस शेयर वितरण गर्दा सोही हदसम्म चुक्ता पुँजी वृद्धि गर्नुपर्ने भएकोले ।

केन्द्रीय कार्यालय काठमाडौं ★ २०५८ ★